# अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान, १९९८ अनुमोदनको औचित्य र आवश्यकता विषयक अध्ययन प्रतिवेदन

**असोज २०६५**

राष्ट्रिय मानव अधिकार आयोग
हरिहरभवन, ललितपुर

**लेखन/सम्पादन**
शंकरनाथ अधिकारी

**डिजाइन**
सुबोध पोखरेल/पुनम मुनाकर्मी

मुद्रक :

**प्रकाशक**
राष्ट्रिय मानव अधिकार आयोग
हरिहर भवन, ललितपुर
पो.ब.नं. ९१८२, काठमाडौं,
नेपाल

प्रकाशन मितिः असोज, २०६५
संस्करण : प्रथम, १००० प्रति
प्रतिवेदन नं : ४८/९९/०६५ (के.का.)
**सर्वाधिकार © राष्ट्रिय मानव अधिकार आयोग
हरिहर भवन, ललितपुर, नेपाल ।**

# मन्तव्य

जातिहत्या, युद्ध अपराध, मानवता विरुद्धको अपराध जस्ता अपराध विश्वभरि नै घृणित अपराधको रुपमा मानिन्छन् । तथापि राज्यहरुमा यी अपराधको गम्भीरतालाई फरक फरक तरीकाले सम्वोधन गरी सजायको हद समेत फरक फरक निर्धारण गरेको पाइन्छ । सम्पूर्ण मानवजातिले घृणित अपराधको रुपमा स्वीकार गरिसकेका यस्ता अपराधहरुको सम्वन्धमा यस प्रकारको फरक हुनुको सट्टा एउटा निश्चित तथा स्वीकृत मापदण्ड हुनु जरुरी भएको र यस्ता अपराधको सन्दर्भमा कुनै पनि पदीय हैसियत व्यक्तिलाई सजायबाट उन्मुक्ति प्रदान गर्ने आधार बन्नु हुदैन भन्ने कुरालाई हृदयंगम गर्दै राष्ट्रहरुले अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान, १९९८ को मस्यौदा गरेका हुन् । यो विधान वास्तवमा नै अन्तर्राष्ट्रिय फौजदारी न्यायको सन्दर्भमा एउटा कोसे ढुङ्गाको रुपमा रहेको छ ।

नेपालमा विगतको एक दशक लामो जनयुद्धको क्रममा मानव अधिकार तथा मानवीय कानूनका गम्भीर उल्लंघनका घटनाहरु भए । जसलाई यस आयोगले समेत पटक पटक कानूनको दायरामा ल्याउन प्रयास गरेको थियो । विगतमा घटेका मानवता विरुद्धको अपराधका दोषीहरुलाई यस विधानको दायरामा ल्याई सजाय गर्न नसकिए पनि भविष्यमा घट्न सक्ने यस्तै प्रकारका घटना वा अन्य पाशविक एवं जघन्य प्रकृतिका मानव अधिकार तथा मानवीय कानूनको उल्लंघनका दोषीहरुलाई कानूनको दायरामा ल्याउने आधारशीला यस विधानको अनुमोदनले प्रदान गर्नेछ । तसर्थ, यस विधानको अनुमोदन दण्डहीनता अन्त्य गर्ने सवालमा महत्वपूर्ण सावित हुनेछ । आफ्नो देशमा यस्ता गम्भीर अपराध गर्ने व्यक्तिहरु सजायबाट बच्नकालागि विदेशमा गई लुक्न जाने समेतको अवस्थालाई निरुत्साहित गर्न यस विधानको अनुमोदनले ठूलो मद्दत पुऱ्याउने छ ।

प्रस्तुत अध्ययन प्रतिवेदनमा यस रोम विधानका प्रमुख विशेषताहरुलाई एकदमै सरल रुपमा उल्लेख गरिएको छ । जसले विधानको वारेमा जानकारी राख्न चाहने सबैलाई संक्षेपमा महत्वपूर्ण जानकारी प्रदान गर्नेछ । प्रतिवेदनमा महासन्धि अनुमोदनको आधार र कारणहरुको पहिचानकालागि

केही निश्चित मापदण्डहरु प्रस्तुत गरिएको छ जसले यो अध्ययन बस्तुपरक विश्लेषणमा केन्द्रित छ भन्ने कुरालाई उजागर गरेको छ । अन्त्यमा, यस अध्ययनले वस्तुपरक विश्लेषणको आधारमा नै रोम विधान अनुमोदनको आवश्यकता र औचित्य स्थापित गरेको छ । आयोगले यही अध्ययन प्रतिवेदनको आधारमा मिति २०६५।४।२२ मा रोम विधान अनुमोदन गर्नकालागि नेपाल सरकार समक्ष सिफारिस समेत गरिसकेको छ । यस अध्ययन प्रतिवेदनले रोम विधान अनुमोदनको सन्दर्भमा एउटा प्रभावकारी वकालत सामग्रीको रुपमा काम गर्नेछ भन्ने विश्वास लिएको छु । अन्त्यमा, प्रस्तुत अध्ययन प्रतिवेदन तयार गर्ने आयोगको विधिविषय परामर्श महाशाखाका प्रमुख शंकरनाथ अधिकारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

केदारनाथ उपाध्याय
अध्यक्ष

## विषयसूची


| | | पेज नं. |
|---|---|---|
| १. | पृष्ठभूमि | १ |
| २. | अध्ययनको उद्देश्य | ६ |
| ३. | अध्ययन पद्धति | ७ |
| ४. | रोम विधानका प्रमुख विशेषताहरु | ८ |
| ५. | महासन्धि अनुमोदनको आधार र कारणहरुको पहिचानकालागि निर्धारित मापदण्डहरु | १५ |
| ६. | विश्लेषण तथा निश्कर्ष | १८ |
| ७. | सिफारिस | २५ |

| | पेज नं. |
|---|---|
| अनुसूची १<br>नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि तथा प्रतिज्ञापत्रहरु | २६ |
| अनुसूची २<br>नेपाल पक्ष भएका श्रम सम्वन्धी ११ वटा आई.एल.ओ. कन्भेन्सनहरु | २९ |
| अनुसूची ३<br>नेपाल पक्ष भएका मानवीय कानून सम्वन्धी ४ वटा जेनेभा कन्भेन्सनहरु | ३१ |
| अनुसूची ४<br>रोम विधान अनुमोदन गर्ने सम्वन्धमा आयोगले नेपाल सरकारलाई पठाएको सिफारिस | ३२ |
| अनुसूची ५<br>रोम विधानलाई अनुमोदन गर्ने राष्ट्रहरुको नामावली | ३३ |

*"In the prospect of an international criminal court lies the promise of universal justice. That is the simple and soaring hope of this vision. We are close to its realization. We will do our part to see it through till the end. We ask you . . . to do yours in our struggle to ensure that no ruler, no State, no junta and no army anywhere can abuse human rights with impunity. Only then will the innocents of distant wars and conflicts know that they, too, may sleep under the cover of justice; that they, too, have rights, and that those who violate those rights will be punished."* - ***Kofi Annan, Former Secretary-General of the United Nations***

## १. पृष्ठभूमि

मानव अधिकार तथा मानवीय कानून सम्वन्धी अन्तर्राष्ट्रिय महासन्धिहरुमा नेपालले जनाएको प्रतिवद्धता सराहनीय रहेको छ । सन् १९२६ को दासत्व महासन्धिलाई ७ जनवरी, १९६३ मा अनुमोदन गरी प्रारम्भ भएको नेपालको मानव अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय प्रतिवद्धता २०६५ सालसम्म आइपुग्दा दक्षिण एशियामा सबै भन्दा बढी अन्तर्राष्ट्रिय महासन्धिहरु अनुमोदन गर्ने राष्ट्रको रुपमा नेपालले आफूलाई स्थापित गर्न सफल रहेको देखिन्छ भने संसारका अन्य कतिपय विकसित मुलुकहरुको तुलनामा समेत अग्र स्थानमा रहेको छ । यो प्रतिवेदन तयार गर्दा सम्मको पछिल्लो तथ्यांकको आधारमा उल्लेख गर्नु पर्दा



नेपाल १९ वटा मानव अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय महासन्धिहरु[1], श्रम सम्वन्धी ११ वटा आई.एल.ओ. कन्भेन्सनहरु[2] र ४ वटा मानवीय कानून सम्वन्धी जेनेभा कन्भेन्सनको पक्ष भएको देखिन्छ ।[3]

सन्धिहरुको अनुमोदन गर्ने विषय राष्ट्रिय राजनीति र विश्व सम्वन्धमा आउने परिवर्तन र विकास तथा मुलुकको आवश्यकतासँग टड्कारो रुपमा गाँसिएको हुन्छ । मानव अधिकार, लोकतन्त्र र विधिको शासनलाई संस्थागत गर्ने सन्दर्भमा विकसित भएका अन्तर्राष्ट्रिय महासन्धिहरु हरेक लोकतान्त्रिक राज्यको लागि राष्ट्रिय आवश्यकताको विषय बन्ने गर्दछन् । २०४६ सालमा नेपालमा आएको राजनैतिक परिवर्तन र विश्व राजनैतिक परिवेशमा आएको

---

१ नेपाल पक्ष भएका मानव अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय महासन्धिहरुको पुरा विवरण अनूसुची १ मा दिइएको छ ।

२ नेपाल पक्ष भएका श्रम सम्वन्धी ११ वटा आई.एल.ओ. कन्भेन्सनहरुको पूरा विवरण अनुसूची २ मा दिइएको छ ।

३ नेपाल पक्ष भएका मानवीय कानून सम्वन्धी ४ वटा जेनेभा कन्भेन्सनको पूरा विवरण अनुसूची ३ मा दिइएको छ ।

प्रजातान्त्रीकरणको लहरसँगै नेपाल सन् १९९० र १९९१ मा प्रमुख पाँच वटा मानव अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय महासन्धिहरुको पक्ष बनेको देखिन्छ ।[४] कुन महासन्धिको पक्ष बन्नु आवश्यक छ र कुन महासन्धिको पक्ष बन्नु आवश्यक छैन भन्ने कुरा राष्ट्रिय आवश्यकताको विषय हो । अन्तर्राष्ट्रिय कानून अन्तर्गत कुनै पनि राष्ट्र कुनै सन्धिको पक्ष हुनु पर्ने वाध्यता छैन । आ-आफ्नो आवश्यकता र सन्धि अन्तर्गत पूरा गर्नु पर्ने दायित्वलाई आफ्नो आर्थिक क्षमता, प्रशासनिक एवं प्राविधिक संरचना रहे नरहेको अथवा हुन सक्ने वा नसक्ने कुरा समेतको विचार गरेर मात्र पक्ष बन्नु पर्ने हुन्छ । महासन्धि अनुमोदन गर्ने विषयलाई अन्तर्राष्ट्रिय ऐक्यवद्धताको विषयको रुपमा

[४] यस अवधिमा नेपाल  बाल अधिकार सम्बन्धि महासन्धी, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धी, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धि अन्तराष्ट्रिय प्रतिज्ञापत्र, नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र, नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्रको स्वेच्छिक प्रोटोकल, यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धीको पक्ष बनेको थियो ।



मात्र नलिई सो सम्वन्धमा नेपालले वहन गर्नु पर्ने उत्तरदायित्व समेतको आँकलन गरी त्यस उपर गम्भीरता पूर्वक विचार गरिनु पर्ने हुन्छ । तथापि, विकासको क्रम र समयको मागसँगै निर्माण वा विकास भएका महत्वपूर्ण अन्तर्राष्ट्रिय महासन्धिको पक्ष बन्नु पर्ने कुरा कतिपय अवस्थामा आवश्यक वाध्यता समेत हुनजान्छ ।

नेपाल विगत १२ वर्ष सम्म सशस्त्र द्वन्द्वको चपेटामा परेको कुरा सबैलाई विदितै छ । यस अवधिमा मानव अधिकार तथा मानवीय कानूनको गम्भीर उल्लंघन भएको भन्ने सम्वन्धमा आयोगमा विभिन्न उजुरीहरु प्राप्त भएका छन् । सो कुरा आयोग आफैले गरेको अनुगमन र अनुसन्धानबाट समेत प्रष्ट रुपमा देखिएको छ । विकसित अन्तर्राष्ट्रिय फौजदारी कानून तथा प्रथाजन्य अन्तर्राष्ट्रिय कानून (Customary International Law) का आधारमा विश्लेषण गर्दा नेपालमा विगत १२ वर्षमा घटेका घटनाहरु मध्ये केही घटनाहरु मानवता विरुद्धको अपराधको श्रेणीमा समेत पर्ने किसिमका छन् । विगतमा भएका घटनाक्रमहरु भविष्यमा नदोरिएलान् भन्न सकिन्न, तथा सोही प्रकृतिको घटना

नभए पनि अन्य विभिन्न किसिमका घटनाहरु विकसित भई मुलुकका असंख्य जनता पाशविक प्रकृतिको हिंसाको चपेटामा पर्न सक्ने सम्भावनालाई पनि नकार्न सकिदैन ।

अतः यस दृष्टिकोणबाट नेपाल पक्ष भएका महासन्धिहरुको अध्ययन गर्दा नेपाल अहिलेसम्म पनि युद्ध अपराध र मानवता विरुद्धको अपराध जस्तो जघन्य मानव अधिकारको उल्लंघनलाई समेट्ने अन्तर्राष्ट्रिय फौजदारी अदालत सम्वन्धी रोम विधानको पक्ष हुन सकेको देखिदैन । मानवीय कानून सम्वन्धी चार वटा जेनेभा कन्भेन्सनको पक्ष बने पनि त्यसका दुईवटा अतिरिक्त सन्धिपत्रहरुलाई अनुमोदन गर्न समेत बाँकी नै रहेकोले गर्दा आन्तरिक सशस्त्रको क्रममा भएका धेरै घटनालाई सही रुपमा संवोधन गर्न समेत समस्या पऱ्यो । यस परिवेशमा प्रस्तुत अध्ययनले नेपालले अन्तर्राष्ट्रिय फौजदारी अदालत सम्वन्धी रोम विधानलाई अनुमोदन गर्नु पर्ने औचित्यलाई स्थापित गर्दै सो को लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने आधार तयार गरेको छ ।



## २. अध्ययनको उद्देश्य

कुनै पनि महासन्धिको पक्ष हुनु जरुरी छ वा छैन भन्ने कुरामा राज्यको स्पष्ट दृष्टिकोण हुनु आवश्यक हुन्छ । त्यसै गरी महासन्धिको पक्ष बन्नु भन्दा अघि सो महासन्धिको औचित्य र उक्त महासन्धिको पक्ष बने पछि राज्यले वहन गर्नु पर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दायित्व लगायतका विषयलाई गम्भीरता पूर्वक अध्ययन विश्लेषण गर्नु जरुरी हुन्छ । यसो हुन सकेमा महासन्धिको कार्यान्वयन गर्न समेत सजिलो हुन जान्छ । यो वास्तविकतालाई आत्मसात् गर्दै नेपालको अन्तरिम संविधान २०६३ को धारा १३२ को उपधारा (२) को खण्ड (छ) ले मानव अधिकारसँग सम्वन्धित अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताको नेपाल पक्ष बन्नु पर्ने भएमा त्यसको कारण सहित नेपाल सरकारलाई सिफारिस गर्ने अधिकार यस राष्ट्रिय मानव अधिकार आयोगलाई प्रदान गरेको देखिन्छ । यही परिवेशमा अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानको अनुमोदनकालागि वस्तुगत आधार र कारणको पहिचान गरी सो को आधारमा नेपाल सरकार समक्ष उक्त विधान

अनुमोदनकालागि सिफारिस गर्न सहयोग पुर्याउनु नै यस अध्ययनको उद्देश्य रहेको छ ।

## ३. अध्ययन पद्धति

यो अध्ययन मूलत नेपालको अन्तरिम संविधान २०६३, नेपाल पक्ष भएका मानव अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय महासन्धिहरु, श्रम सम्वन्धी आई. एल. ओ. का ११ वटा कन्भेन्सनहरु, मानवीय कानून सम्वन्धी चार वटा जेनेभा कन्भेन्सनहरु, अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान १९९८, अधिवक्ता राजाराम ढकाल समेत वि. मन्त्रिपरिषद् सचिवालय समेत भएको २०५९ सालको रिट नं. २९४२ का सम्वन्धमा मिति ०६० पुष २५ गते सम्मानित सर्वोच्च अदालतबाट भएको फैसला, पुनःस्थापित प्रतिनिधि सभाले मिति २०६३ साल श्रावण ९ गते संकल्प प्रस्ताव पारित गरी रोम विधान अनुमोदन गर्न नेपाल सरकारलाई दिएको निर्देशन तथा यस आयोगका वार्षिक प्रतिवेदनहरुलाई प्रमुख आधार बनाई सम्पन्न गरिएको छ ।



## ४. रोम विधानका प्रमुख विशेषताहरुः

अन्तर्राष्ट्रिय फौजदारी न्याय, मानव अधिकार तथा मानवीय कानूनको सन्दर्भमा अत्यन्त महत्वपूर्ण मानिएको प्रस्तुत विधानका प्रमुख विशेषताहरु यस प्रकार छन् :

१ यस विधानले War Crimes (युद्ध अपराध), Crimes against Humanity (मानवता विरुद्धको अपराध), Genocide[५] र Crimes of aggression लाई अन्तर्राष्ट्रिय फौजदारी अदालतको क्षेत्राधिकारभित्र

---

[५] Genocide शव्दलाई नेपालीमा अनुवाद गर्ने सिलसिलामा “जाती हत्या”, “आमहत्या”, “जनसंहार”, “नरसंहार” जस्ता विभिन्न नेपाली शव्हरु प्रयोगमा आइरहेको र ती शव्दले विधानले परिभाषा गरे जस्तो अर्थ व्यक्त गर्न समेत नसकेको कुरालाई मध्येनजर गरी विधानले genocide का सम्वन्धमा गरेको परिभाषलाई जस्ताको तस्तै राखिएको छ । Article 6: For the purpose of this Statute, "genocide" means any of the following acts committed with intent to destroy, in whole or in part, a national, ethnical, racial or religious group, as such: (a) Killing members of the group; (b) Causing serious bodily or mental harm to members of the group; (c) Deliberately inflicting on the group conditions of life calculated to bring about its physical destruction in whole or in part; (d) Imposing measures intended to prevent births within the group; (e) Forcibly transferring children of the group to another group.

पारेको छ र War Crimes, Crimes against Humanity, र Genocide को स्पष्ट रुपमा परिभाषा गरेको छ ।

२ २०५२ साल फागुन महिनादेखि मुलुकमा व्याप्त भएको दशक लामो सशस्त्र द्वन्द्वको क्रममा घटेका घटनाहरुलाई मध्येनजर गर्दा यस विधानमा उल्लिखित अपराधहरु मध्ये Genocide, War Crimes र Crimes of aggression नेपालमा नभएको । Crimes against Humanity अर्थात मानवता विरुद्धको अपराध अन्तर्गत पर्ने केही घटनाहरु मात्र नेपालमा भएको देखिन्छ ।[६]

[६] विधानको धारा ७ अनुसार गैरसैनिक जनसमुदाय विरुद्ध लक्षित गरी जानाजान गरिएको हत्या, विनाश, दास बनाउने, देश निकाला वा बलपूर्वक स्थानान्तरण, अन्तर्राष्ट्रिय कानूनका आधारभूत नियमहरुको उल्लंघन हुने गरी कारावास वा शारीरिक स्वतन्त्रताबाट बञ्चित गरिनु, यातना, बलात्कार, यौन दासता, बलपूर्वक वेश्यावृत्ति गराइनु, बलजफती गर्भधारण गराइनु, बलजफती स्थायी बन्ध्याकरण गराइनु, वा यस्तै गम्भीर खालका अन्य यौनजन्य हिंसा, जवरजस्ती वेपत्ता पारिनु, रङ्गभेदको अपराध, र गम्भीर पीडा दिने नियतले गरिएका समान प्रकृतिका यस्तै अन्य अमानवीय कार्यहरु वा शरीर वा



३ प्रस्तुत रोम विधानले अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापना गरेको छ जसले माथि बुँदा नं. १ मा उल्लेख भएका अपराधहरुको सम्वन्धमा आफ्नो अधिकार क्षेत्र ग्रहण गर्दछ । यो अदालतको मुख्यालय नेदरल्याण्डसको द हेगमा रहेको छ । तथापि अदालतले चाहेमा अन्यत्र जहाँसुकै मुकाम स्थापना गर्न सक्नेछ ।

४ यस अदालतमा १८ जना न्यायाधीशहरु हुन्छन् र पक्ष राष्ट्रले चाहेमा यो संख्या आवश्यक प्रक्रिया पूरा गरी बढाउन सक्छन् ।

५ कुनै पनि पक्ष राष्ट्रले आफ्नो देशको नागरिक मध्येबाट वा रोम विधानको पक्ष राष्ट्र भएको देशहरु मध्येबाट आफ्नो तर्फको एक जना उम्मेदवार न्यायाधीशकोलागि मनोनयन गर्न सक्नेछन् । यसरी मनोनित व्यक्तिहरुका सम्वन्धमा पक्ष राष्ट्रको सभाको

शारीरिक वा मानसिक स्वास्थ्यमा गम्भीर चोट पार्ने नियतले गरिएका अमानवीय कार्यहरु मानवता विरुद्धको अपराध अन्तर्गत पर्दछन् ।

बैठकमा गोप्य मतदानको प्रक्रियाद्वारा दुई तिहाई मतले यस अदालतका न्यायाधीशहरुको निर्वाचन गरिन्छ ।

६ पक्षराष्ट्रले अन्तर्राष्ट्रिय फौजदारी अदालतको न्यायाधीशकोलागि मनोनयन गर्दा आफ्नो देशको सर्वोच्च न्यायिक पदमा नियुक्त हुन चाहिने योग्यता पुगेका उच्च नैतिक चरित्र भएका, निश्पक्ष र इमान्दार व्यक्तिहरु मध्येबाट मनोनयन गर्नु पर्दछ । त्यसरी मनोनित गरिएको व्यक्ति अन्तर्राष्ट्रिय मानव अधिकार तथा मानवीय कानूनको विषयमा सक्षम र गहन व्यवासायिक अनुभव भएको, फौजदारी कानून र फौजदारी कार्यविधिका सम्वन्धमा आवश्यक अनुभव भएको तथा उक्त अदालतको कामकाजी भाषा मध्ये कम्तीमा एक भाषाको उत्कृष्ट ज्ञान भएको व्यक्ति हुनु पर्ने व्यवस्था रहेको छ ।

७ प्रस्तुत रोम विधान लागू भएपछि कुनै राज्य यस विधानको पक्ष भएमा उक्त अदालतले त्यस राज्यको



हकमा यो विधान लागू भए पछि भएका अपराधहरुको सम्वन्धमा मात्र आफ्नो अधिकारक्षेत्र प्रयोग गर्न सक्दछ ।[७]

८ प्रस्तुत अदालतमा मुद्दाको कारवाही अघि बढाउने सम्वन्धमा रोम विधानमा उल्लेख भएका एक वा सो भन्दा बढी अपराधहरु घटेको अवस्थामा राज्य पक्ष स्वयंले अदालतको अभियोक्ता समक्ष सिफारिस गरेमा वा संयुक्त राष्ट्र संघको बडापत्रको परिच्छेद ७ अन्तर्गत सुरक्षा परिषद्ले अभियोक्तलाई सिफारिस गरेमा वा अभियोक्ता स्वयंले उसलाई विभिन्न श्रोतबाट प्राप्त सूचनाको संवेदनशीलताको आधारमा अनुसन्धान

---

[७] रोम विधानको धारा १२६(२) अनुसार नेपाल सरकारले यस विधानलाई अनुमोदन गरेको अवस्थामा उक्त अनुमोदनको लिखत संयुक्त राष्ट्र संघका महासचिव समक्ष दाखिला गरेको ६० दिन पुगेपछिको महिनाको पहिलो दिन देखिमात्र नेपालको हकमा यो विधान लागू हुने देखिन्छ । तसर्थ यस विधानलाई नेपालले अनुमोदन गरेको अवस्थामा पनि विगत १२ वर्षको सशस्त्र द्वन्द्वको क्रममा घटेका यस विधानको परिभाषा र अधिकारक्षेत्र भित्र पर्ने अपराधहरु उपर कारवाही हुन सक्ने अवस्था देखिदैन ।

अगाडि बढाउन मनासिव सम्झी अनुसन्धान शुरुवात गरेको अवस्थामा अदालतले कारवाही प्रारम्भ गर्ने व्यवस्था रहेको छ ।

९ सुरक्षा परिषद्ले संयुक्त राष्ट्र संघको वडापत्रको परिच्छेद ७ अन्तर्गत प्रस्ताव पारित गरी अदालत समक्ष मुद्दाको अनुसन्धान वा कारवाहीको स्थगनकालागि अनुरोध गरेमा एक वर्षकालागि अनुसन्धान वा कारवाही स्थगन हुन सक्दछ र यस्तो अनुरोध पुन सुरक्षा परिषदद्वारा नवीकरण हुनसक्ने व्यवस्था रहेको छ ।

१० प्रस्तुत अदालतले फौजदारी न्यायका मान्य सबै सिद्धान्तहरुलाई अनुसरण गर्नेछ जस अन्तर्गत मूलतः कानूनले अपराध घोषित नगरेको कार्य अपराध नहुने, अदालतबाट दोषी देखिएको व्यक्तिलाई यस विधान बमोजिम मात्र सजाय गरिने, कानूनको भूतकालिक असर नहुने, व्यक्तिगत रुपमा उत्तरदायी हुनु पर्ने आदि रहेका छन् ।



११ अठार वर्ष मुनिका व्यक्ति उपर अदालतको अधिकार क्षेत्र नहुने तथा कुनै पनि पदीय हैसियत उसले गरेको अपराधको सन्दर्भमा सुरक्षाकवच बन्न नसक्ने महत्वपूर्ण व्यवस्था रहेको छ ।

१२ फौजदारी कानूनले आत्मसात् गरेका अभियुक्तका सबै अधिकारहरुलाई यस विधानले संरक्षण गरेको छ ।

१३ पीडित र साक्षीहरुको सुरक्षा र अदालतको कारवाही प्रक्रियामा तिनको सहभागितालाई यस विधानले सुनिश्चित गरेको छ ।

१४ अन्तर्राष्ट्रिय फौजदारी अदालतको अधिकारक्षेत्र भित्रका अपराधहरुमा कुनै हदम्याद सम्वन्धी कानून लागू हुने छैन भनी स्पष्ट व्यवस्था गरिएको छ ।

१५ यस विधानमा उल्लेख भएका अपराधमा दोषी देखिएको व्यक्तिलाई अदालतले अधिकतम ३० वर्षमा नबढ्ने गरी निश्चित वर्षको कारावासको सजाय वा अपराधको गंभीरता हेरी जन्मकैदको सजाय मध्ये कुनै एक सजाय गर्न सक्दछ । यसका अतिरिक्त यस अदालतले आवश्यक जरिवाना तथा अपराधबाट प्रत्यक्ष वा अप्रत्क्ष रुपमा प्राप्त गरेको आम्दानी, धनमाल र सम्पत्ति जफत समेत गर्न सक्दछ ।

**५. महासन्धि अनुमोदनको आधार र कारणहरुको पहिचानकालागि निर्धारित मापदण्डहरु**

१. नेपाल सरकारका तर्फबाट सम्वन्धित महासन्धिको पक्ष बन्ने सम्वन्धमा अन्तर्राष्ट्रिय सम्मेलनमा कुनै प्रकारको प्रतिवद्धता जनाएको अवस्था छ कि छैन ?

२. विगतको शसस्त्र द्वन्द्वको समयमा मानव अधिकार तथा मानवीय कानूनको उल्लंघन गर्ने व्यक्तिहरुलाई यथोचित कानूनी कारबाहीको दायरामा ल्याउने सन्दर्भमा अहिले विद्यमान राष्ट्रिय कानून तथा नेपाल



पक्ष भएका अन्तर्राष्ट्रिय महासन्धिहरु पर्याप्त छन् कि छैनन् ?

३. मुलुकमा आएको राजनैतिक परिवर्तन र यससँगै जल्दोबल्दो रुपमा उठेका मानव अधिकारका नयाँ सवालहरुलाई संवोधन गर्न कुनै खास महासन्धिको अनुमोदन गर्न आवश्यक छ कि छैन?

४. विगत र वर्तमानमा घटेका घटनाहरुको अध्ययन विश्लेषणबाट भविष्यमा समेत घट्नसक्ने त्यस प्रकारका घटनाहरु खासगरी जाति हत्या, युद्ध अपराध वा मानवता विरुद्धको अपराध लगायतका गम्भीर मानव अधिकार उल्लंघनका घटनालाई सही रुपमा संवोधन गर्न कुनै महासन्धि अनुमोदन गर्नु पर्ने आवश्यकता छ कि छैन ?

५. कुनै खास महासन्धिको अनुमोदन गरी सके पछि उक्त महासन्धिको प्रभावकारी कार्यान्वयनका लागि

सो महासन्धिको Optional Protocol समेतलाई अनुमोदन गर्नु पर्ने आवश्कता देखिन्छ कि देखिदैन ?

६. प्रथाजन्य अन्तर्राष्ट्रिय कानूनको रुपमा स्थापित भई सकेका विषयहरु (Slavery, Piracy, Genocide, War Crimes, Crimes against Humanity, Torture) लाई संवोधन गर्ने सम्वन्धमा अन्तर्राष्ट्रिय महासन्धिको अनुमोदन गरिएको अवस्था छ, छैन वा राष्टिय कानूनले त्यस सम्वन्धमा पर्याप्त व्यवस्था गरेको अवस्था विद्यमान छ कि छैन?

७. प्रस्तुत अध्ययनको सन्दर्भमा उक्त रोम विधानलाई अनुमोदन गर्न तत्कालीन पुनस्थापित प्रतिनिधि सभाले (संसद) नेपाल सरकारलाई कुनै निर्देशन दिएको अवस्था छ कि छैन?

८. मानव अधिकार तथा मानवीय कानूनको क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी वा गैर



सरकारी संघसंस्थाहरु (खास गरी यस आयोग) ले कुनै महासन्धि अनुमोदन गर्नकालागि नेपाल सरकारको ध्यानाकर्षण गराएको अवस्था छ कि छैन?

९. सम्मानित सर्वोच्च अदालतले कुनै मुद्दाको सन्दर्भमा कुनै खास कानून निर्माणकालागि आदेश जारी गरेको अवस्था विद्यमान छ कि छैन, र सो कानून र सम्वन्धित सन्धिको बीच के कस्तो सम्वन्ध रहन सक्ने अवस्था छ?

१०. कुनै महासन्धि अनुमोदन गर्नु पर्ने देखिएको अवस्थामा उक्त महासन्धिका कुनै खास प्रावधानहरु आरक्षण राखी अनुमोदन गर्नु उचित हुन्छ वा विना शर्त अनुमोदन गर्नु पर्ने आवश्यकता छ ?

## ६. विश्लेषण तथा निश्कर्ष

कुनै पनि महासन्धि अनुमोदन गर्नकालागि नेपाल सरकार समक्ष सिफारिस गर्नु पूर्व उपरोक्त १० वटा प्रश्नहरुलाई वस्तुगत आधार र कारण पहिचान गर्ने मापदण्डको रुपमा

यस अध्ययनले स्थापित गरेको छ । यस आधारबाट विश्लेषण गर्दा नेपालले प्राय सबै क्षेत्रीय र अन्तर्राष्ट्रिय सम्मेलनहरुमा मानव अधिकार, लोकतन्त्र र विधिको शासन प्रति पूर्ण रुपमा प्रतिवद्धता जनाउदै आएको देखिन्छ । लोकतन्त्रको संस्थागत विकास र स्थायी शान्तिको लागि दण्डहीनताको पूर्ण रुपमा अन्त्य हुनु जरुरी हुन्छ । नेपालले विगत लामो समय सम्म भोग्नु परेको सशस्त्र द्वन्द्व र यस क्रममा देखा परेका विभिन्न मानव अधिकार र मानवीय कानूनका गम्भीर उल्लंघनका घटनाहरुलाई मनन् गर्दै भविष्यमा समेत यस्तै प्रकारका वा अन्य प्रकारका गम्भीर अपराधका घटनाहरु घट्न सक्ने सम्भाव्यतालाई दृष्टिगत गरी त्यसलाई यथोचित सम्वोधन गर्नकालागि सहायक सिद्ध हुने महासन्धिको अनुमोदन गर्ने तर्फ आवश्यक कार्य अघि बढाउनु अत्यन्त सान्दर्भिक देखिन्छ । विगतमा घटेका मानव अधिकार तथा मानवीय कानूनका गम्भीर उल्लंघनका घटनाहरुलाई यथोचित रुपमा संवोधन गर्न विद्यमान नेपाल कानून तथा नेपाल पक्ष भएका मानवीय



कानूनहरु पर्याप्त नभएको अवस्था समेत टड्कारो रुपमा रहेको छ ।[८]

प्रस्तुत अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानले मूलत जातिहत्या, युद्ध अपराध र मानवता विरुद्धको अपराधलाई समेटेको छ । जाति हत्याको अपराधलाई समेट्ने अन्तर्राष्ट्रिय महासन्धिलाई नेपालले अनुमोदन गरेको भए पनि युद्ध अपराध र मानवता विरुद्धको अपराधलाई समेट्ने महासन्धिको अनुमोदन हुन सकेको अवस्था छैन । अर्कोतर्फ, मुलुकमा विद्यमान रहेका राष्ट्रिय कानूनले समेत यी अपराधहरुलाई समेट्न सक्ने देखिदैन । यस विधानले समेटेका कतिपय अपराधहरु प्रथाजन्य अन्तर्राष्ट्रिय कानूनको रुपमा समेत स्थापित भई सकेको अवस्था छ । अतः यी अपराधहरुको सन्दर्भमा कुनै राज्य उपरोक्त विधानको पक्ष नबन्दैमा अन्तर्राष्ट्रिय दायित्वबाट उन्मुक्त हुन सक्ने अवस्था समेत देखिदैन ।

८ मानवीय कानून सम्वन्धी जेनेभा कन्भेन्सनका दुईवटा अतिरिक्त सन्धिपत्रहरुलाई नेपालले अनुमोदन गरेको छैन ।

यसै सन्दर्भमा, सम्मानित सर्वोच्च अदालतले अधिवक्ता राजाराम ढकाल समेत वि. मन्त्रिपरिषद् सचिवालय समेत भएको २०५९ सालको रिट नं. २९४२ का सम्वन्धमा मिति ०६० पुष २५ गते फैसला गर्दै जेनेभा कन्भेन्सनलाई व्यवहारमा रुपान्तरित गर्नकालागि आवश्यक कानून निर्माण गर्न नेपाल सरकारका नाममा आदेश समेत जारी गरेको अवस्था छ जुन करा यस रोम विधानको हकमा पनि उत्तिकै महत्वपूर्ण हुन आउँछ ।[९] त्यसैगरी पुनस्थापित प्रतिनिधि सभाले २०६३ साल श्रावण ९ मा संकल्प प्रस्ताव पारित गरी नेपाल सरकारलाई उक्त रोम विधान अनुमोदन गर्न निर्देशन समेत दिइसकेको अवस्था छ । अर्कोतर्फ प्रस्तुत रोम विधानलाई अनुमोदन गर्नकालागि लामो समयदेखि मानव अधिकारको क्षेत्रमा कार्यरत विभिन्न संघसंस्थाहरुले पटक पटक नेपाल सरकारको ध्यानाकर्षण गराएको कुरा सबै सामु प्रष्ट नै छ ।

---

[९] मानवीय अपराधका सबै पक्षलाई रोम विधानले समेट्ने भएको हुनाले सम्मानित सर्वोच्च अदालतको उक्त आदेशलाई यस सन्दर्भमा समेत महत्वपूर्ण रुपमा लिनु पर्ने हुन्छ ।



प्रस्तुत रोम विधान अनुमोदनको सन्दर्भमा आरक्षणको सवाललाई विचार गर्दा विधानको धारा १२० मा यस विधानका प्रावधानहरुको सन्दर्भमा कुनै पनि आरक्षण राख्न पाइने छैन भनी स्पष्ट रुपमा व्यवस्था भएको हुँदा यसमा थप विचार गरिरहनु पर्ने आवश्यकता देखिएन ।[१०]

यस रोम विधानलाई अनुमोदन गर्ने राष्ट्रको संख्या अहिले १०८ पुगेको छ ।[११] रोम विधान पारित भएको १० औं

---

[१०] 'No reservations may be made to this Statute', article 120, Rome Statute of the International Criminal Court 1998, available at: http://untreaty.un.org/cod/icc/index.html, [accessed on 5 August 2008].

[११] Cook Ilands ले १८ जुलाई २००८ मा यो विधान सम्मिलन गरी विधानको १०८ औं पक्ष राष्ट्र बनेको छ । दक्षिण एशियाली मुलुकहरु मध्ये अफगानिस्तानले मात्र यस विधानलाई अनुमोदन गरेको छ । जापान, दक्षिण कोरिया, क्यानाडा, मेक्सिको, अष्ट्रेलिया, फ्रान्स, जर्मनी, वेलायत, इटली, वेल्जियम, नेदरल्याण्ड्स, लक्जेम्वर्ग, ग्रिस, नर्वे, डेनमार्क, स्वीडेन आदि जस्ता विकसित मुलुकहरु यस विधानको पक्ष बनी सकेका छन् । संयुक्त राष्ट्र संघीय महासभाद्वारा वर्गीकरण गरिएको क्षेत्रीय समूहका आधारमा उल्लेख गर्नु पर्दा अफ्रिकन मुलुकहरुबाट ३०, एशियाली मुलुकहरुबाट १४, पूर्वी युरोपका राज्यहरुबाट १६, ल्याटिन अमेरिकन र क्यारेवियन मुलुकहरुबाट २३

वर्षगाँठको अवसरमा अहिले विश्वभरि नै विभिन्न कार्यक्रमहरु सहित दण्डहीनताकोलागि व्यापक वकालत गर्ने कार्य भईरहेका छन् । यस आधारमा पनि नेपाल विश्व अभियानको एक अंश हुनु उपयुक्त नै हुने देखिन्छ ।

नेपाल रोम विधानको पक्ष बनेको अवस्थामा विगत १२ वर्षको अवधिमा घटेका गम्भीर मानव अधिकार तथा मानवीय कानूनको उल्लंघनका घटनाहरु यस विधानको दायरा भित्र आउछन् वा आउदैनन् भन्ने सम्वन्धमा व्यापक चासो रहने गरेको छ । यस सम्वन्धमा अध्ययन गर्दा विधानको धारा ११ अनुसार प्रस्तुत रोम विधान लागू भएपछि कुनै राज्य यस विधानको पक्ष भएमा उक्त अदालतले त्यस राज्यको हकमा यो विधान लागू भए पछि भएका अपराधहरुको सम्वन्धमा मात्र आफ्नो अधिकारक्षेत्र प्रयोग गर्न सक्ने व्यवस्था छ । कुनै सन्धि कुनै राज्यले

तथा पश्चिम युरोप तथा अन्यबाट २५ गरी जम्मा १०८ मुलुक यो अध्ययन प्रतिवेदन तयार गर्दाको अवस्था सम्म प्रस्तुत रोम विधानको पक्ष बनेको देखिन्छ । यद्यपि यस विधानलाई हस्ताक्षर गर्नेको संख्या भने १४८ पुगिसकेको छ । रोम विधानको पक्ष भएका राष्ट्रहरुको नामावली अनुसूची ५ मा दिइएको छ ।



अनुमोदन गरे पश्चात मात्र सो राज्यको हकमा प्रभावकारी हुन्छ भन्ने कुरा अन्तर्राष्ट्रिय कानूनको स्थापित मान्यता हो । यसलाई रोम विधानको धारा १२६(२) ले समेत थप स्पष्ट पारेको छ । जस अनुसार नेपाल सरकारले यस विधानलाई अनुमोदन गरेको अवस्थामा उक्त अनुमोदनको लिखत संयुक्त राष्ट्र संघका महासचिव समक्ष दाखिला गरेको ६० दिन पुगेपछिको महिनाको पहिलो दिन देखिमात्र नेपालको हकमा यो विधान लागू हुने देखिन्छ । तसर्थ यस विधानलाई नेपालले अनुमोदन गरेको कारण स्वरुप विगत १२ वर्षको सशस्त्र द्वन्द्वको क्रममा घटेका यस विधानको परिभाषा र अधिकारक्षेत्र भित्र पर्ने अपराधहरु उपर कारवाही हुन सक्ने अवस्था देखिदैन । उपरोक्त प्रावधानहरुलाई मध्येनजर गर्दा समेत नेपालको शान्ति प्रक्रियालाई तार्किक निश्कर्षमा पुऱ्याउन वा नेपाललाई संक्रमणकालीन अवस्थाबाटस्थायी शान्ति र विकासको मार्गमा अग्रसर हुन समेत विधानको अनुमोदनले कुनै बाधा पुऱ्याउने अवस्था देखिदैन ।

अतः राष्ट्रिय सुरक्षा र सार्वभौमसत्ताको रक्षाको लागि समेत सहायक सिद्ध हुन सक्ने प्रस्तुत विधान मानव अधिकार, मानवीय कानून, तथा फौजदारी न्यायको सन्दर्भमा एउटा कोसे ढुंगाको रुपमा रहेको हुँदा यसलाई अनुमोदन गर्नु उपयुक्त हुने देखिन्छ ।

## ७. सिफारिस

उपरोक्त अध्ययन विश्लेषणको आधारमा उक्त अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान, १९९८ लाई तत्काल अनुमोदन गर्ने सम्वन्धमा आवश्यक प्रक्रिया अघि बढाउन नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३२(२)(छ) बमोजिम नेपाल सरकार समक्ष सिफारिस गर्नु आवश्यक देखिन्छ ।[१२]

[१२] आयोगले यसै अध्ययनका आधारमा मिति २०६५।४।२२ मा नेपाल सरकार समक्ष यस रोम विधानलाई अनुमोदन गर्नकालागि सिफारिस गरिसकेको छ । आयोगको उक्त सिफारिसको लागि अनुसूची ४ हेर्नुहोस ।



# अनुसूची १

## नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि तथा प्रतिज्ञापत्रहरु

| सि. नं. | महासन्धि/प्रतिज्ञापत्रको नाम | पारित भएको मिति | नेपालले अनुमोदन/सम्मिलन गरेको मिति[१३] |
|---|---|---|---|
| १. | दासत्व महासन्धि | २५ सेप्टेम्बर, १९२६ | ७ जनवरी, १९६३ (स) |
| २. | २५ सेप्टेम्बर, १९२६ मा जेनेभामा हस्ताक्षर गरिएको दासत्व महासन्धिलाई संशोधन गर्ने प्रोटोकल पूरक महासन्धी | २३, सेप्टेम्बर, १९५३ | ७ जनवरी, १९६३ (स) |
| ३. | दासत्व, दास व्यापार र दासत्व समान संस्था र अभ्यासहरुको उन्मूलन सम्बन्धी पूरक महासन्धी | २३, सेप्टेम्बर, १९५६ | ७ जनवरी, १९६३ (स) |
| ४. | नारीको राजनीतिक अधिकार | २० डिसेम्बर, | २० अप्रिल, १९६६ |

[१३] प्रस्तुत चार्टमा सजिलोको लागि "नेपालले अनुमोदन/सम्मिलन गरेको मिति" लेखिएको कोलन पश्चात नेपालले **अनुमोदन** गरेका महासन्धिहरुलाई जनाउन संक्षेपमा (अ) र **सम्मिलन** गरेका महासन्धिहरुको हकमा (स) लेखिएको छ ।

| | | | |
|---|---|---|---|
| | सम्बन्धी महासन्धी | १९५२ | (स) |
| ५. | जाति हत्या अपराधको रोकथाम र सजाय सम्बन्धि महासन्धी | ९ डिसेम्बर, १९४८ | १७ जनवरी, १९६९ (स) |
| ६. | सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तराष्ट्रिय महासन्धी | २१ डिसेम्बर, १९६५ | ३० जनवरी, १९७१ (स) |
| ७. | रंगभेद अपराधको दमन र दण्ड सम्बन्धी अन्तराष्ट्रिय महासन्धी | ३० नोभेम्बर, १९७३ | १२ जुलाई, १९७७ (स) |
| ८. | खेलकुदमा रंगभेद विरुद्धको अन्तराष्ट्रिय महासन्धी | १० डिसेम्बर, १९८५ | १ मार्च, १९८९ (अ) |
| ९. | बाल अधिकार सम्बन्धि महासन्धी | २० नोभेम्बर, १९८९ | १४ सेप्टेम्बर, १९९० (अ) |
| १०. | महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धी | १८ डिसेम्बर, १९७९ | २२ अप्रिल, १९९१ (अ) |
| ११. | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धि अन्तराष्ट्रिय प्रतिज्ञापत्र | १६ डिसेम्बर, १९६६ | १४ मे, १९९१ (स) |
| १२. | नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र | १६ डिसेम्बर, १९६६ | १४ मे, १९९१ (स) |



| | | | |
|---|---|---|---|
| १३. | नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्रको स्वेच्छिक प्रोटोकल | १६ डिसेम्बर, १९६६ | १४ मे, १९९१ (स) |
| १४. | यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्ध महासन्धी | १० डिसेम्बर, १९८४ | १४ मे, १९९१ (स) |
| १५. | जीउ मास्ने बेच्ने तथा अरुको वेश्यावृत्तिको शोषणको दमनका लागि व्यवस्था भएको महासन्धी | २ डिसेम्बर, १९४९ | २७ डिसेम्बर, १९९५ (स) |
| १६. | मृत्युदण्ड उन्मूलन गर्ने उदेश्यले व्यवस्था भएको नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्रको दोस्रो स्वेच्छिक उपलेख | १५ डिसेम्बर, १९८९ | ४ जून, १९९८ (स) |
| १७. | सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोग विरुद्ध बाल अधिकार महासन्धीको इच्छाधिन आलेख, २००० | २५ मे, २००० | २०६२ कार्तिक १४ मा मन्त्रीपरिषद्बाट अनुमोदन |
| १८. | बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति र अश्लिल चित्रण विरुद्ध बाल अधिकार | २५ मे, २००० | २०६२ कार्तिक १४ मा मन्त्रीपरिषद्बाट अनुमोदन |

| | | | |
|---|---|---|---|
| | महासन्धीको इच्छाधिन आलेख, २००० | | |
| १९. | महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धीको इच्छाधीन आलेख | ६ अक्टोवर, १९९९ | १५ जुन, २००७ (स) |

## अनुसूची २

## नेपाल पक्ष भएका श्रम सम्वन्धी ११ वटा आई.एल.ओ. कन्भेन्सनहरु

| S.N. | Name of Conventions | Ratification Date |
|---|---|---|
| 1. | C.14- Weekly Rest (Industry) Convention, 1921 (No. 14) | 10-12-1986 |
| 2. | C.29- Forced Labour Convention, 1930 (N0.29) | 3-01-2002 |
| 3. | C.98- Right to Organize and Collective Bargaining Convention, 1949 (No. 98) | 11-11-1996 |
| 4. | C.100- Equal Remuneration Convention, 1951 (No. 100) | 10-06-1976 |
| 5. | C.105- Abolition of Forced Labour Convention, 1957 (N0. 105) | 30-08-2007 |
| 6. | C.111- Discrimination (Employment and Occupation) Convention, 1958 (N0. 111) | 19-09-1974 |
| 7. | C.131- Minimum Wage Fixing Convention, 1970 (N0. 131) | 19-09-1974 |
| 8. | C.138- Minimum Age Convention, 1973 (No. 138) | 30-05-1997 |
| 9. | C.144- Tripartite Consultation (International Labour Standards) Convention, 1976 (No. 144) | 21-03-1995 |
| 10. | C. 169- Indigenous and Tribal Peoples Convention, 1989 (No. 169) | 14-09-2007 |
| 11. | C. 182- Worst Forms of Child Labour Convention, 1999 (No. 182) | 3-01-2002 |

# अनुसूची ३

## नेपाल पक्ष भएका मानवीय कानून सम्वन्धी ४ वटा जेनेभा कन्भेन्सनहरु

| S.N. | Name of Instruments | Ratification Date |
|---|---|---|
| 1. | Convention for the Amelioration of the Condition of the Wounded and Sick in Armed Forces in the Field. Geneva, 12 August 1949. | 7 Feb 1964 |
| 2. | Convention for the Amelioration of the Condition of Wounded, Sick and Shipwrecked Members of Armed Forces at Sea. Geneva, 12 August 1949 | 7 Feb 1964 |
| 3. | Convention relative to the Treatment of Prisoners of War. Geneva, 12 August 1949. | 7 Feb 1964 |
| 4. | Convention relative to the Protection of Civilian Persons in Time of War, Geneva, 12 August 1949. | 7 Feb 1964 |



# अनुसूची ४

## रोम विधान अनुमोदन गर्ने सम्वन्धमा नेपाल सरकारलाई आयोगले गरेको सिफारिस

राष्ट्रिय मानवअधिकार आयोग

हरिहरभवन, ललितपुर

सबै सञ्चारमाध्यममा शीघ्र प्रकाशन/प्रसारणका लागि

प्रेस विज्ञप्ति

२०६५ साउन २२ गते

### रोम विधान अनुमोदन गर्न सरकारलाई सिफारिस

राष्ट्रिय मानवअधिकार आयोगले अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानलाई नेपालको अन्तरिम संविधान २०६३ को धारा १३२ (२) (छ) अनुसार अनुमोदन गर्न नेपाल सरकारलाई सिफारिस गरेको छ। रोम विधानसम्बन्धी आयोगले गरेको अध्ययन प्रतिवेदन समेत संलग्न गरी आयोगले आज प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सिफारिस पत्र पठाएको हो।

सिफारिस पत्रमा रोम विधान अनुमोदन गर्न पुनःस्थापित प्रतिनिधिसभाले वि.सं. २०६३ साउन ९ गते सङ्कल्प प्रस्ताव पारित गरी नेपाल सरकारलाई निर्देशन दिएको तथा वि.सं. २०५९ को रिट नं. २९४२ का सम्बन्धमा सर्वोच्च अदालतले मानवीय कानुनसम्बन्धी सन् १९४९ को जेनेभा महासन्धिलाई व्यवहारमा लागू गर्न आवश्यक कानुन निर्माणका लागि नेपाल सरकारका नाममा आदेश जारी गरेको स्मरण गराइएको छ। जेनेभा महासन्धिमा उल्लिखित मानवता विरुद्धको अपराधलाई रोम विधानले स्पष्ट रूपमा सम्बोधन गर्ने भएकाले आयोगले रोम विधानलाई अनुमोदन गर्न नेपाल सरकारलाई सिफारिस गरेको हो।

आयोगको सिफारिस पत्रमा भनिएको छ, 'मानवअधिकारको क्षेत्रमा कार्यरत विभिन्न सङ्घसंस्थाहरूले रोम विधानलाई अनुमोदन गर्न लामो समयदेखि पटक-पटक नेपाल सरकारको ध्यानाकर्षण गराउँदै आएको र मानवअधिकार, मानवीय कानुन तथा फौजदारी न्यायको सन्दर्भमा समेत रोम विधान कोशेढुङ्गा हुने भएकाले यसलाई तत्काल अनुमोदन गर्नु उपयुक्त देखिन्छ।'

आमनरसंहार, मानवता विरुद्धको अपराध, युद्ध अपराध, आक्रमणको अपराध जस्ता अति गम्भीर अपराधहरूमा अन्तर्राष्ट्रिय फौजदारी अदालतको क्षेत्राधिकार स्वतः हुने भएकाले त्यस्ता अपराधका अभियुक्त उपर कारवाही गर्न यो अनुमोदनले मार्ग प्रशस्त गर्नेछ। साथै, यसको अनुमोदनले मानवअधिकारलाई सुदृढ गर्न र दण्डहीनताको संस्कृतिको अन्त्य गर्न थप सघाउ पुग्नेमा आयोग विश्वस्त छ।

विशाल खनाल
सचिव

# अनुसूची ५

## रोम विधानलाई अनुमोदन गर्ने राष्ट्रहरुको नामावली[१४]

| **AFRICAN STARES (30 STATES PARTIES)** | | | |
|---|---|---|---|
| **Country** | **Date of Ratification/Accession** | **Country** | **Date of Ratification/ Accession** |
| Benin | 22 January 2002 | Liberia | 22 September 2004 |
| Botswana | 8 September 2000 | Madagascar | 14 March 2008 |
| Burkina Faso | 16 April 2004 | Malawi | 19 September 2002 |
| Burundi | 21 September 2004 | Mali | 16 August 2000 |
| Central African Rep. | 3October 2001 | Mauritius | 5 March 2002 |
| Chad | November 2006 | Namibia | 25 June 2002 |
| Congo (Brazza Ville) | 3 May 2004 | Niger | 11 April 2002 |
| Comoros | 18 August 2006 | Nigeria | 27 September 2001 |

[१४] स्रोतः Fact Sheet, Coalition for the International Criminal Court, available at: http://www.iccnow.org, [accessed on 18 September, 2008].



| | | | |
|---|---|---|---|
| Dem.Rep.of Congo | 11 April 2002 | Senegal | 2 February 1999 |
| Djibouti | 5 November 2002 | Sierra Leone | 15 Sept.2000 |
| Gabon | 20 September 2000 | South Africa | 27 November 2000 |
| Gambia | 28 June 2002 | Tanzania | 20 August 2002 |
| Ghana | 20 December 1999 | Uganda | 14 June 2002 |
| Guinea | 14 July 2003 | Zambia | 13 November 2002 |
| Kenya | 5 March 2005 | Lesotho | 6 September 2000 |

| **ASIAN STATES ( 14 STATES PARTIES)** | | | |
|---|---|---|---|
| **Country** | **Date of Ratification/Accession** | **Country** | **Date of Ratification/Accession** |
| Afghanistan | 10 Febuary 2003(a)[15] | Marshall Islands | 7 December 2000 |
| Cambodia | 11 April 2002 | Mongolia | 11 April 2002 |
| Cook Islands | 18 July 2008 (a) | Nauru | 12 November 2001 |
| Cyprus | 7 March 2002 | Rep.of Korea | 13 November 2002 |

[15] Indicates accession.

| | | | |
|---|---|---|---|
| Fiji | 29 November 1999 | Samoa | 16 September 2002 |
| Japan | 17 July 2007 | Tajikistan | 5 May 2000 |
| Jordan | 11 April 2002 | Timor-Leste | 6 September 2002 (a) |

| **LATIN AMERICAN & CARIBBEAN STATES (23 STATES PARTIES)** | | | |
|---|---|---|---|
| **Country** | **Date of Ratification/Accession** | **Country** | **Date of Ratification/Accession** |
| Antigua & Barbuda | 18 June 2001 | Guyana | 24 September 2004 |
| Argentina | 8 February 2001 | Honduras | 1 July 2002 |
| Barbados | 10 December 2002 | Mexico | 28 October 2005 |
| Belize | 5 April 2000 | Panama | 21 March 2002 |
| Bolivia | 27 June 2002 | Paraguay | 14 May 2001 |
| Brazil | 20 June 2002 | Peru | 10 November 2001 |
| Colombia | 5 August 2002 | St. Kitts & Nevis | 22 August 2006(a) |
| Costa Rica | 7 June 2001 | St.Vincent & Grenadines | 3 December 2002(a) |
| Dominica | 12 February 2001(a) | Suriname | 15 July 2008 (a) |



| | | | |
|---|---|---|---|
| Dominican Rep. | 12 May 2005 | Trinidad & Tobago | 6 April 1999 |
| Ecuador | 5 February 2002 | Uruguay | 28 June 2002 |
| | | Venezuela | 7 June 2000 |

| **EASTERN EUROPEAN STATES (16 STATES PARTIES )** | | | |
|---|---|---|---|
| **Country** | **Date of Ratification/Accession** | **Country** | **Date of Ratification/Accession** |
| Albania | 31 January 2003 | Lithuania | 12 May 2003 |
| Bosnia-Herzegovina | 11 April 2002 | Macedonia, FYR | 6 March 2002 |
| Bulgaria | 11 April 2002 | Montenegro | 23 October 2006 |
| Croatia | 21 May 2001 | Poland | 12 November 2001 |
| Estonia | 30 January 2002 | Romania | 11 April 2002 |
| Georgia | 5 September 2003 | Serbia | 6 September 2001 |
| Hungary | 30 November 2001 | Slovakia | 11 April 2002 |
| Lativa | 28 June 2002 | Slovenia | 31 December 2001 |

| **WESTERN EUROPEN AND OTHER STATES (25 STATES P** | | | |
|---|---|---|---|
| **Country** | **Date of Ratification/** | **Cou** | **Date of Ratification/Accession** |
| Andorra | 30 April 2001 | New Zealand | 7 September |

| | | | |
|---|---|---|---|
| | | | 2000 |
| Australia | 1 July 2002 | Norway | 16 February 2000 |
| Austria | 28 December 2000 | Portugal | 5 February 2002 |
| Belgium | 28 June 2000 | San Marino | 13 May 1999 |
| Canada | 7 July 2002 | Spain | 24 October 2000 |
| Denmark | 21 June 2001 | Sweden | 28 June 2001 |
| Finland | 29 December 2000 | Switzerland | 12 October 2001 |
| France | 9 June 2000 | United Kingdom | 4 October 2001 |
| Germany | 11 December 2000 | Malta | 29 November 2002 |
| Greece | 15 May 2002 | Netherlands | 17 July 2001 |
| Iceland | 25 May 2000 | Liechtenstein | 2 October 2001 |
| Ireland | 11 April 2002 | Luxembourg | 8 September 2000 |
| Italy | 26 July1999 | | |